## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टाँडी चितवनका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२१ गते विहिबार, चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता(सावाँ व्याज)भुक्तानी सम्वन्धि शर्त कबुलीयत उल्लंघन गर्नुभएको तथा पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०९/१७ गते बिहीबारको चितवन पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारे ७ (सात) दिने सार्वजनिक सुचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले बैंकले कर्जा असुली प्रकृया अन्तर्गत कर्जा असुलीको लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय टांडीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०३/०५ गते शुक्रबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय टांडीमा दिनको ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क.ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणीः** रत्ननगर नगरपालिका १६ नं. वडा कार्यालय, रत्ननगर, चितवन, बागमती प्रदेश, नेपाल, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम मिति २०७९/११/०३ मा व्यवसाय दर्ता नं. २५३ अन्तर्गत दर्ता भएको साथै नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुर, करदाता सेवा कार्यालय खैरहनी, चितवनबाट मिति २०७९/११/१४ मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१९४५१२७५ को प्रमाणपत्र प्राप्त **एलिसिया टेर्लस ।**
फर्मको ठेगानाः चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १६ ।

**प्रोप्राईटर तथा जमानतकर्ताः नानी माया मगर**
(ना.प्र.नं. ८५९९/०६१ जारी मिति २०६१/०२/३१ जारी गर्ने कार्यालय जि.प्र.का चितवन) । ठेगानाः चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १५ । (साबिक शिवनगर गा.वि.स. वडा नं. ३) । हालको ठेगानाः चितवन जिल्ला खैरहनि न.पा. वडा नं. ४, श्रीकृष्ण टोल
बाबु : मन बहादुर मगर ।
पति : लोकेन्द्र लामा । ससुराः जित बहादुर तमाङ ।

**जमानतकर्ताः लोकेन्द्र लामा** (ना.प्र.नं. २७२६/०४४, जारी मिति २०५९/०८/०६ दोस्रो प्रतिलिपि मिति २०७६/१२/०५, जारी गर्ने कार्यालय जि.प्र.का चितवन) ।
ठेगानाः चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०४ । (साबिक चैनपुर गा.वि.स. वडा नं. ९)
बाबुः जित बहादुर तमाङ ।
बाजेः पल्टन लामा

**जमानतकर्ताः माइत कुमारी तमाङ** (ना.प्र.नं. ६००, जारी मिति २०४५/०१/०८, प्रथम प्रतिलिपि मिति २०६५/०५/०५, जि.प्र.का चितवन) ।
ठेगानाः चितवन जिल्ला खैरहनी न.पा. वडा नं. १ । (साबिक चैनपुर गा.वि.स वडा नं. १) ।
हालको ठेगानाः चितवन जिल्ला खैरहनि न.पा.- ४, श्रीकृष्ण टोल
पतिः जित बहादुर तमाङ,
ससुराः पल्टन लामा ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

१. माइत कुमारी तमाङको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला चैनपुर गा.वि.स वडा नं. ९ नक्सा सिट ९घ स्थित कित्ता नं. ६४ र ८७ को क्षेत्रफल ०-२-१४-० र ०-०-११-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..१
२. ऋणी **एलिसिया टेर्लस**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ....... १

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय टाँडी चितवन र अन्य शाखा कार्यालयहरु**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय टाँडी चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x26